आज मिति २०८० असार महिनाको ०५ गते सोमबार दिउँसो ८:०० बजे बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगाबहादुर तामाङ ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री गंगा बहादुर तामाङ | अध्यक्ष |
| श्री सरु लामा तामाङ | उपाध्यक्ष |
| श्री हुप बहादुर खड्का | वडाअध्यक्ष वडा नं. १ |
| श्री छविलाल न्यौपाने | वडाअध्यक्ष वडा नं. २ |
| श्री रितेश तामाङ | वडाअध्यक्ष वडा नं. ३ |
| श्री सुर्जे तामाङ | वडाअध्यक्ष वडा नं. ४ |
| श्री यादव ठकुरी | वडाअध्यक्ष वडा नं. ५ |
| श्री तेज बहादुर पराजुली | वडाअध्यक्ष वडा नं. ६ |
| श्री गृबिन्द्र कुमार चौंलागाई | वडाअध्यक्ष वडा नं. ७ |
| श्री रमेश कुमार श्रेष्ठ | वडाअध्यक्ष वडा नं. ८ |
| श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य |
| श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य |
| श्री रश्मी तामाङ | कार्यपालिका सदस्य |
| श्री समिक्षा भुजेल | कार्यपालिका सदस्य |
| श्री देवकी भुजेल | कार्यपालिका सदस्य |
| श्री कविता काफ्ले | कार्यपालिका सदस्य |
| श्री सलवहादुर पाण्डे | सदस्य - सचिव |

आमन्त्रित:

| | |
|---|---|
| श्री नारायण प्रसाद न्यौपाने | लेखापाल (पाँचौं) |
| श्री सुकुलाल तामाङ | कार्यालय सहायक (चौथो) |

बैठकका प्रस्तावहरु :

१. आगामी आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२. आगामी आ.व. २०८०।०८१ विनियोजन विधेयक सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

निर्णय नं. १,

क. आगामी आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल गरी गाउँपालिका अन्तरगतका विषयगत शाखाहरुबाट प्राप्त भएका देहाय बमोजिमका कार्यक्रमहरु स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय भयो ।

ख. बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष ज्यूको सिफारिसमा ५३ लाख, उपाध्यक्ष ज्यूको सिफारिसमा ३५ लाख, कार्यपालिका सदस्य ज्यूहरु ६ जनाबाट जनही २ लाखका दरले १२ लाख र वडा कार्यालयको सिफारिसमा प्रति वडा रु. २० लाखका दरले बाँडफाँड गर्ने गरी गाउँसभामा पेश गर्ने निर्णय भयो ।

ग. आगामी आ.व. २०८०।०८१ को लागि संघ र प्रदेशबाट समपूरक बजेटमा बलेफी गाउँपालिकालाई विनियोजन भई आएका सबै योजनाहरु सम्पन्न गर्न समपूरक कोषमा बजेट विनियोजन गर्ने निर्णय भयो ।

निर्णय नं. २,

आगामी आ.व. २०८०।०८१ को विनियोजन विधेयक सम्बन्धमा व्यापक छलफल गरी स्वीकृत गरियो । साथै स्वीकृत भएको विनियोजन विधेयक गाउँ सभामा पेश गर्ने निर्णय भयो ।

विविध सम्बन्धमा,

क. आगामी आ.व.२०८०।०८१ बाट बलेफी गाउँपालिका अन्तरगतको वडा नं. ४ को कार्यालयमा सामाजिक परिचालकको रुपमा करार सेवमा कार्यरत श्री स्वस्थानी पराजुली र वडा नं. ५ को कार्यालयमा ज्यालादारीमा कार्यरत कम्प्युटर अपरेटर श्री निर्मला श्रेष्ठको पारिश्रमिक अन्य कम्प्युटर अपरेटर सरह उपलब्ध गराउन, स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यालय सहयोगीहरुको अन्य कार्यालय सहयोगी सरह पारिश्रमिक उपलब्ध गराउन र सामुदायिक सिकाई केन्द्रमा कार्यरत सहजकर्ताहरुको खाईपाई आएको पारिश्रमिकमा मासिक थप रु. ७,००० उपलब्ध गराउन गाउँसभामा पेश गर्ने निर्णय भयो ।

ख. वडा नं. ३ को कार्यालय प्रयोजनका लागि प्रयोग भैरहेको बा.२ ब. ९१६२ नम्बरको मोटरसाइकल अत्यन्तै जीर्ण भएको र मर्मत गर्दा धेरै लागत लाग्ने भएको हुँदा वडाबाट प्रदान गरिने सेवालाई चुस्त बनाउन १ वटा मोटरसाइकल खरिद गर्ने निर्णय भयो ।

ग. गाउँपालिका अन्तरगतको स्वास्थ्य शाखाको कामकाज प्रयोजनका लागि १ वटा मोटरसाइकाल खरिद गर्ने निर्णय भयो ।

घ. गाउँपालिकाको नव निर्मित प्रशासकीय भवनको Construction of Massonary Wall and Access Road to Palika को निर्माण कार्यको ठेक्का प्राप्त मानुश्री कन्स्ट्रक्सन एण्ड इन्टेरियरर्स प्रा.लि. शान्तिनगर, काठमाण्डौंले दोश्रो किस्ताको बील भुक्तानी ढीला भएको कारण दर्शाई वाल तथा बाटो ढलानको निर्माण कार्य ढिला हुने भएकोले ठेक्का सम्झौता सकिएको म्यादबाट ३ महिना म्याद थप गरी पाउँ भनी दिएको निवेदन उपर छलफल गरी उक्त प्रा.लि.लाई ३ महिना अवधी निर्माण कार्य सम्पन्न गर्नका लागि म्याद थप गर्ने निर्णय भयो ।

कविता